## मिति २०८० पौष २६ गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका वैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : नगर सभाको मिति तय गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ : विभिन्न कार्यविधि माथि छलफल सम्बन्धमा ।

प्रस्ताव नं. ४ : योजना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ५ : ट्राफिक प्रहरीको भवन निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. ६ : राजस्व अध्ययन समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. ७ : राजस्व परामर्श समितिको सुझाव कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं. ८ : राजस्व परामर्श समितिबाट सिफारिस भएको दररेट सम्बन्धमा ।

प्रस्ताव नं. ९ : बजार व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. १०: मेलम्ची नगरपालिकाको आ.व.२०७९/०८० को LISA र FRA को पृष्ठपोषण सम्बन्धमा ।

प्रस्ताव नं. ११ : विभिन्न मन्त्रालय एवं निकायबाट प्राप्त भएको पत्रको जानकारी सम्बन्धमा ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

## निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८०/०९/१९ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका वैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरू तुरुन्त कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गरियो ।

निर्णय नं. २ : मेलम्ची नगरपालिकाको नगर सभाको १५ औं अधिवेशन मिति २०८० साल माघ ५ गते शुक्रबार विहान ९:०० बजे मेलम्ची नगरपालिकाको सभा हलमा गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : मेलम्ची नगरपालिका अन्तर्गतको वडा कार्यालय र कृषि विकास शाखाबाट आ.व. २०८०/८१ मा विनियोजन भएको बजेट तथा योजना संशोधनका लागि अनुरोध भई आएकोमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नगर सभाबाट स्वीकृत भएको साविक योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | ५० प्रतिशत लागत साझेदारीमा प्लाष्टिक पोखरी/सिमेन्टेड पोखरी निर्माण र सिंचाई पाइप पानी तान्ने पम्प वितरण गर्ने । | १०,००,०००।– | प्रत्येक वडामा बाली उपचार तथा घुम्ती शिविर संचालन (समस्याको आधारमा ७५ प्रतिशत अनुदानमा बीउ विषादी वितरण गर्ने) | १०,००,०००।– |
| २ | तरकारी तथा फलफुल ढुवानीमा ७५ प्रतिशत अनुदान | ५,००,०००।– | आलुको बीउ कोल्ड स्टोर भाडामा सत प्रतिशत अनुदान | १,००,०००।– |
| | | | तरकारी तथा फलफुल ढुवानीमा ७५ प्रतिशत अनुदान | ४,००,०००।– |
| ३ | सडक सरसफाई, मेनपा २ | १,००,०००।– | बसाहाचौर पत्थररपार्क निर्माणमा मेशिनद्धारा पोखरी खन्ने, मेनपा २ | १,००,०००।– |
| ४ | जाल्पादेवी होस्टल व्यवस्थापन, मेनपा २ | ७,००,०००।– | जाल्पादेवी भौतिक निर्माण तथा मर्मत, मेनपा २ | ७,००,०००।– |
| ५ | शितलादेवी मन्दिर निर्माण, मेनपा १० | १०,००,०००।– | शितलादेवी मन्दिर परिसर निर्माण, मेनपा १० | १०,००,०००।– |
| ६ | बि.पी.स्मृती आ.वि्. मन्दिर निर्माण, मेनपा १० | २,५०,०००।– | बि.पी.स्मृती आ.वि. मन्दिर निर्माण तथा संरक्षण, मेनपा | २,५०,०००।– |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

| क्र.सं. | नगर सभाबाट स्वीकृत भएको साविक योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| | | | १० | |
| ७ | हैबुङ खानेपानी (एक घर एक धारा) | १०,००,०००।– | दुवारेटोल खानेपानी योजना, मेनपा ३ | ४,५०,०००।– |
| | | | गौरीथोक खानेपानी योजना, मेनपा ३ | ५,५०,०००।– |
| ८ | प्रतिक्षालय निर्माण, मेनपा ७ | ५,००,०००।– | प्रतिक्षालय निर्माण तथा विपद व्यवस्थापन, मेनपा ७ | ५,००,०००।– |
| ९ | सुनखानी दलितबस्ती किरियापुत्री भवन निर्माण, मेनपा ७ | ४,००,०००।– | कामीटार खेत सिंचाई पोखरी तथा विभिन्न बस्तीहरुमा खानेपानी व्यवस्थापन, मेनपा ७ | ४,००,०००।– |
| १० | विपद् व्यवस्थापन, मेनपा ६ | ५,००,०००।– | विपद् व्यवस्थापन, मेनपा ६ | ४,००,०००।– |
| | | | नुहारखोला ठूलोखेत बस्नेतडाँडा सिग्देलगाउँ हुँदै तल्लोगाउँसम्म गोरेटो बाटो निर्माण, मेनपा ६ (प्रधानमन्त्री रोजगार कार्यक्रम ) | १,००,०००। |
| ११ | भट्टार सुँगुरे कृषि सडक, मेनपा ७ | १०,००,०००।– | जलेश्वरी मन्दिर (महादेवस्थान) , मेनपा ७ | १०,००,०००।– |

निर्णय नं. ५ : जिल्ला ट्राफिक कार्यालय, सिन्धुपाल्चोकको मिति २०८०/०९/१५ को पत्रबाट जिल्लाको भौगोलिक अवस्था तथा सवारी साधनको चापको कारण मेलम्ची नगरपालिकामा स्थाई रुपमा ट्राफिक प्रहरी राखी कामकाज गर्नुपर्ने भएको र अस्थाई ट्राफिक प्रहरी पोष्ट मेलम्चीको आफ्नो जग्गा तथा भवन नभई भाडाको घरमा बसी दैनिक कार्य सम्पादन गर्दै आएकोमा दीर्घकालिन रुपमा ट्राफिक व्यवस्थापनको लागि भवन निर्माण गरिदिनको लागि अनुरोध भई आएकोमा मेलम्ची नगरपालिका क्षेत्र भित्र वडा नं. ११ र वडा नं. १२ मा निर्माण भएका भवनहरुमध्ये अध्ययन अनुगमन गरी उपयुक्त स्थानको भवन मर्मत गरी प्रयोग गर्न दिने निर्णय गरियो ।

निर्णय नं. ६ : स्थानीय राजस्व परामर्शको समितिको मिति २०८०/०९/२३ गते र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८०/०९/२४ गतेको बैठकबाट पेश भएका निर्णयका सम्बन्धमा यस कार्यपालिका वैठकमा छलफल गरियो । स्थानीय राजस्व परामर्श समितिको बैठकबाट नगरपालिकाको अधिकार क्षेत्र भित्रका संभाव्य राजस्वका क्षेत्र, श्रोत र दायरा बृद्धिका लागि अध्ययन गरी प्रतिवेदन पेश गर्नका

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

लागि देहाय अनुसार नगर तथा वडास्तरीय राजस्व अध्ययन समिति गठन गर्न सिफारिस भएको हुँदा सिफारिस भए बमोजिम राजस्व अध्ययन समिति गठन गर्ने र उक्त समितिले राजस्वको थप श्रोत र दायराका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

तपसिल

नगरस्तरीय राजस्व अध्ययन समिति

१. उपप्रमुख श्री उमा प्रधान – संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत श्री निमेष मिश्र – सदस्य

३. वडा अध्यक्ष श्री किरणदीप खड्का –सदस्य

४. कार्यपालिका सदस्य श्री कुमारी बि.क. – सदस्य

५. नगर उ.वा.संघ प्रतिनिधि – सदस्य

६. राजस्व शाखा प्रमुख श्री राजेन्द्र दुलाल – सदस्य सचिव

वडांस्तरीय राजस्व अध्ययन समिति

१. सम्बन्धित वडाका वडा अध्यक्ष – संयोजक

२. सम्बन्धित वडाका वडा सदस्य/का.पा. सदस्य – सदस्य

३. सम्बन्धित वडाका वडा सचिव – सदस्य सचिव

निर्णय नं. ७ : स्थानीय राजस्व परामर्श समितिको मिति २०८०/०९/२३ गतेको बैठकबाट पेश भएका राय सुझावहरु कार्यान्वयनका लागि आ.व.२०८१/०८२ को नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

१. नागरिकताको प्रतिलिपि शुल्क रु. ३००।– निर्धारण गर्नुपर्ने।
२. निबुगाउँ धाराटोल सुँयलछाप महादेवस्थान मोटरबाटोमा घडेरीयोग्य जग्गा रु. १६ लाख, खेती योग्य जग्गा रु. १० लाख र पाखोबारी रु. ३ लाख कायम गरिदिन सुझाव प्राप्त भएको।
३. आगामी आर्थिक वर्ष देखि नगरपालिका भित्रका योजनाहरुको दर्ता/सम्झौता सिफारिस गर्दा सम्बन्धित वडाले रु. २००।– राजस्व संकलन गर्ने । महिला, आपाङ्गता, सिमान्तकृत र अल्पसंख्यक व्यक्तिहरु अध्यक्ष रहेको उपभोक्ता समितिलाई योजना दर्ता तथा सम्झौताका लागि गरिने सिफारिस निशुल्क गर्न सिफारिस गर्ने।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ८ : स्थानीय राजस्व परामर्श समितिको मिति २०८०/०९/२३ गतेको बैठकबाट आगामी आ.व. ०८१/०८२ को लागि देहाय बमोजिम राजस्वका क्षेत्र र दर निर्धारण गर्न कार्यपालिका बैठकमा सिफारिस भएको हुँदा सिफारिस भए बमोजिम तपसिल बमोजिमका राजस्वका दररेट कायम गर्न आगामी नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | आर्थिक ऐन, २०८० मा भएको करको शिर्षक | हाल कायम गरिएको दर रु. | संशोधन गर्नुपर्ने दर | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | सेवा, शुल्क दस्तर अन्तर्गत कन्सुलर प्रमाणित | प्रति वटा रु. ५००।– | रु. २००।– | कन्सुलर प्रमाणित शुल्क बढी भएको गुनासो प्राप्त भएकोले |
| २ | **नक्शा पास दस्तुर** | | | |
| | आवासीय 'क' वर्ग | प्रति व.फि. रु. २० | प्रति व.फि. रु. २२ | हाल कायम भएको दरमा प्रति व.फि. रु. २।– थप गरी थप गरिएको रु. २।– का दरले हुन आउने राजस्व रकम विपद् व्यवस्थापन कोषमा जम्मा गर्नुपर्ने भएकोले । |
| | आवासीय 'ख' वर्ग | प्रति व.फि. रु. १२ | प्रति व.फि. रु. १४ | |
| | आवासीय 'ग' वर्ग (आर.सि.सि. र लोडबियरिङ) | प्रति व.फि. रु. ८ | प्रति व.फि. रु. १० | |
| | आवासीय 'घ' वर्ग | प्रति व.फि. रु. ५ | प्रति व.फि. रु. ७ | |
| | आवासीय तथा व्यापारिक 'क' वर्ग | प्रति व.फि. रु. २० | प्रति व.फि. रु. २२ | |
| | आवासीय तथा व्यापारिक 'ख' वर्ग | प्रति व.फि. रु. १५ | प्रति व.फि. रु. १७ | |
| | आवासीय तथा व्यापारिक 'ग' वर्ग | प्रति व.फि. रु. १० | प्रति व.फि. रु. १२ | |
| | आवासीय तथा व्यापारिक 'घ' वर्ग | प्रति व.फि. रु. ५ | प्रति व.फि. रु. ७ | |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | व्यापारिक कम्प्लेक्स भवन | प्रति व.फि. रु. ३० | प्रति व.फि. रु. ३२ | |
| | स्थायी व्यवसायिक भवन (होटल, रिसोर्ट आदि ) | प्रति व.फि. रु. २५ | प्रति व.फि. रु. २७ | |
| | शैक्षिक्क भवन | प्रति व.फि. रु. ८ | प्रति व.फि. रु. १० | |
| | संस्थागत भवन | प्रति व.फि. रु. १० | प्रति व.फि. रु. १२ | |
| | औधोगिक भवन | प्रति व.फि. रु. ४० | प्रति व.फि. रु. ४२ | |

- आर्थिक ऐन, २०८० को दफा १२ को उपदफा (७) मा विपद्बाट प्रभावित घरहरको पुनर्निर्माण गर्दा सम्झौता भएको मितिले २ वर्ष भित्र घर सम्पन्न गरेमा ७५ प्रतिशत छुट प्रदान गर्ने र निजलाई कुनै प्रकारको बिलम्ब शुल्क नलाग्ने ।

फोहोरमैला व्यवस्थापन शुल्क :

| क्र.सं. | फोहोरमैला संकलन हुने क्षेत्र | करको दर रु. (मासिक ) |
|---|---|---|
| १ | आवासीय घर | २०० |
| २ | सटर भएको पसल (थोक तथा खुद्रा प्रति सटर ) | ५० |
| ३ | मझौला किसिमका होटल/क्याफे | ३०० |
| ४ | ठूला होटल/ गेष्ट हाउस | ५०० |
| ५ | तरकारी, फलफूल तथा मासु पसल | ३०० |
| ६ | निजी अस्पताल, पोलिक्लिनिक तथा फर्मेसी | ५०० |
| ७ | ठूला किसिमका हार्डवेयर, सिसा पसल (स्टंल भएको) | ५०० |
| ८ | फर्निचर तथा ग्रिल उद्योग | २०० |
| ९ | दुग्ध चिस्यान तथा डेरी उद्योग | २०० |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | |
|---|---|---|
| १० | बैंक, वित्तीय संस्था तथा सहकारी संस्था | २०० |
| ११ | निजी विद्यालय | २०० |

निर्णय नं. ९ ; मेलम्ची नगरपालिका क्षेत्र भित्रका बजारहरु अव्यवस्थित सडक पेटी, सडक पेटीबाट मापदण्ड विपरित निर्माण गरिएका भर्याङ्ग र घर टहराको कारण दिन प्रतिदिन कुरुप र सौन्दर्यविहिन हुँदै गएको हुँदा उक्त अव्यवस्थित बजारलाई सुन्दर, फराकिलो र सौन्दर्ययुक्त बनाई ४५ (पैंतालिस) दिन भित्र प्रभावकारी बजार व्यवस्थापनको लागि आवश्यक कार्य/कार्ययोजना निर्माण गरी प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. पूर्वाधार विकास समितिका संयोजक एवं वडा नं. ११ वडा अध्यक्ष श्री चन्द्र बहादुर तामाङ – संयोजक
२. बजार अनुगमन टोलीका संयोजक एवं वडा नं. ९ वडा अध्यक्ष श्री किरणदिप खड्का – सदस्य
३. वडा नं. १२ वडा अध्यक्ष श्री गणेश बहादुर तामाङ – सदस्य
४. वडा नं. ६ वडा अध्यक्ष श्री प्रेम बहादुर तामाङ – सदस्य
५. वडा नं. १ वडा अध्यक्ष श्री कृष्ण मुरारी चौलागाई – सदस्य
६. वडा नं. १० वडा अध्यक्ष श्री अमृत खनाल – सदस्य
७. वडा नं. ४ वडा अध्यक्ष श्री सन्जिव तामाङ – सदस्य
८. का.पा. सदस्य श्री सितामायाँ तामाङ – सदस्य
९. का.पा. सदस्य श्री गोमा दुलाल – सदस्य
१०. ईलाका प्रहरी कार्यालयका प्रहरी निरक्षक – सदस्य
११. सशस्त्र प्रहरी बल सीमा सुरक्षा बेस क्याम्प प्रमुख – सदस्य
१२. उद्योग वाणिज्य संघ प्रतिनिधि – सदस्य
१३. राजस्व शाखा प्रमुख श्री राजेन्द्र दुलाल – सदस्य
१४. भवन शाखा ईन्जिनियर श्री जित बहादुर कार्की – सदस्य सचिव

निर्णय नं. १० : मेलम्ची नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Capacity Self-Assessment -LISA ) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को विषयमा आजको यस कार्यपालिका बैठकमा छलफल गरियो । साथै, कार्यविधि बमोजिम स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Capacity Self-Assessment -LISA ) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकमा पठाउने निर्णय गरियो ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

निर्णय नं. ११ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ३३५०४ मिति २०८०/०९/१७ को सुझाव कार्यान्वयन गर्ने सम्बन्धको पत्र, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विभिन्न मितिमा प्राप्त भएका पत्र, कृषि विकास निर्देशनालयको च.नं. ३४२ मिति २०८०/०९/२५ को पत्र तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ४९५ मिति २०८०/०९/१७ को पत्रको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भयो । विभिन्न निकायहरुबाट प्राप्त भएका पत्रहरु आवश्यक कार्यान्वयनका लागि सम्बन्धित निकाय एवं शाखाहरुमा निर्देशन गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल